**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १३६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ १५ गते बिहीबार ❑ 29 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गण्डकीमा अस्पताल सुदृढीकरण कोष स्थापना गरिने

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

गण्डकी प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले अस्पताल सुदृढीकरण कोष निर्माण गर्ने भएको छ ।

उक्त कोषमा प्रदेश सरकार मातहतका अस्पतालले वार्षिक आम्दानीको १५ प्रतिशत रकम जम्मा गर्नेछन् । सोमबारको प्रदेश मन्त्रिपरिषद् बैठकले स्वीकृत गरेको अस्पताल व्यवस्थापन समितिको आर्थिक कार्यविधिले उक्त व्यवस्था गरेको हो ।

कार्यविधि आएपछि अस्पताल व्यवस्थापन समितिले अस्पतालको आम्दानीलाई आफूखुसी खर्च गर्न नपाउने स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले बताउनुभयो । अस्पतालको वार्षिक कार्यक्रमलाई मन्त्रालयले स्वीकृत गरेपछि मात्र कार्यविधिमा टेकेर समितिले खर्च गर्न पाउने उहाँको भनाइ छ । मन्त्रालय मातहत रहने अस्पताल सुदृढीकरण कोषको रकम प्रदेश अस्पताल र स्थानीय तह मातहत रहेका स्वास्थ्य संस्थाको सुदृढीकरणमा खर्च गरिने भएको हो ।

अस्पतालको आर्थिक अवस्था सुधारका साथै सुशासन कायम गर्न उक्त आर्थिक कार्यविधिलाई कडाइका साथ लागू गरिने मन्त्री पाठकले बताउनुभयो । मन्त्रालयका सचिव डा विश्वबन्धु बगालेले मन्त्रिपरिषद्बाट स्वीकृत भएर आएपछिकार्यविधिमाथपछलफल हुने बताउनुभयो । "केही सुधार र संशोधन पनि गर्नुपर्ने हुनसक्छ", उहाँले भन्नुभयो । मन्त्रालयका अनुसार अहिले गण्डकी प्रदेश मातहतका अस्पतालको वार्षिक आम्दानी झण्डै रु ६७ करोड रहेको छ । प्रदेशका १३ वटा अस्पताल स्तरोन्नति भएसँगै अस्पतालको आम्दानी थप बढ्ने जनाइएको छ । सोमबारको प्रदेश मन्त्रिपरिषद् बैठकले नौ अस्पताल स्तरोन्नति गर्ने निर्णय गरेको थियो । उक्त बैठकले ती अस्पतालको दरबन्दी र शय्या सङ्ख्या निर्धारण गरी स्वीकृत गरिसकेको छ । त्यसअघि प्रदेश सरकारले दुई आयुर्वेद अस्पतालसहित चार अस्पताल स्तरोन्नति गरेको थियो ।

स्तरोन्नति गरिएका १३ वटै अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम)समेत स्वीकृत भइसकेको छ । "गण्डकी प्रदेशको स्वास्थ्य क्षेत्र सुधारका लागि छाटो अवधिमै कानुनी र संरचनागत व्यवस्था गरिएको छ", मन्त्री पाठकले भन्नुभयो, "नागरिकलाई सर्वसुलभ र गुणस्तरीय सेवा प्रवाहका लागि यसबाट महत्वपूर्ण योगदान पुग्नेछ ।" स्तरोन्नतिपछि ती अस्पतालहरूको विकासलाई आगामी आवको बजेटमा प्राथमिकता दिइने मन्त्री पाठकको भनाइ छ । उहाँका अनुसार यसअघि स्वीकृत शय्या सङ्ख्या जम्मा २२० रहेकामा अब स्वीकृत शय्या ६५० पुगेको छ । दरबन्दी ३२५ कायम रहेकामा स्वीकृत दरबन्दी सङ्ख्या ८२७ पुगेको छ ।

## जेठ १६ देखि गण्डकी प्रदेशमा सार्वजनिक यातायात बन्द गर्ने चेतावनी

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

गण्डकी प्रदेश सरकारले निजी सवारी साधनलाई सार्वजनिक सवारी सरह यात्रु ओसारपसार गर्न दिने निर्णय फिर्ता नगरे सार्वजनिक यातायात सेवा यही जेठ १६ गते देखि ठप्प पार्ने सार्वजनिक यातायात बचाउ संघर्ष समिति गण्डकी प्रदेशले चेतावनी दिएको छ ।

प्रदेश सरकारले राइड सेयरिङ सम्बन्धी नियमावली ल्याएकोले त्यसको बिरोधमा आफुहरु आन्दोलनमा जानु पर्ने बाध्यता सिर्जना भएको बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी प्रदेशका संयोजक केदार पौडेलले बताए ।

जेठ १९ गतेदेखि सार्वजनिक यातायात बचाउ संघर्ष समितिले प्रदेशभर सवारी बन्द गर्ने चेतावनी दिएको छ । संघर्ष समितिले सोमबार एक संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै सवारी तथा यातायात व्यवस्था ऐन २०४९ र नेपालको संविधानको मर्म विपरीत गण्डकी प्रदेश सरकारले गरेको निर्णय तत्काल खारेज गर्न माग गरेको महासंघ गण्डकीका महासचिव योगेन्द्र बहादुर केसीले बताउनु भयो । समितिले सो निर्णयले करिब ६५ प्रतिशत स्वरोजगार यातायात व्यवसायीको रोजगारी खोसिने, आम जनताको जीवनस्तर प्रभावित हुने तथा सार्वजनिक यातायात क्षेत्र नै संकटमा पर्ने उहाँले चेतावनी दिनुभयो । पूर्व घोषित जेठ १५ गते गणतन्त्र दिवस परेकाले सो दिन सेवा बन्द नगर्ने महासंघले जनाएको हो । तर माग सम्बोधन नभए जेठ १६ गतेदेखि गण्डकी प्रदेशभर सार्वजनिक सवारी साधन 'ग्यारेजमै थन्क्याउने' निर्णय गरिएको संघर्ष समितिले जारी गरेको विज्ञेप्तिमा उललेख छ । साथै, देशभरका यातायात व्यवसायीहरुले समर्थन जनाएमा जेठ १९ गतेदेखि सम्पूर्ण नेपालमा सार्वजनिक यातायात सेवा बन्द गरिने महासंघले चेतावनी दिइएको छ ।

गण्डकी प्रदेश राजपत्रमा प्रकाशित राइड सेयरिङ सम्बन्धी नियमावली पूर्ण रूपमा खारेज गर्नुपर्ने, सार्वजनिक सवारी साधन सञ्चालन, आयात नीति लगायतका विषयमा स्पष्ट र लिखित नीति ल्याइनु पर्ने र सार्वजनिक यातायात क्षेत्रमा योगदानमा आधारित सामाजिक सुरक्षा कोष अनिवार्य रूपमा लागू गर्नुपर्ने गरी तीन बुंदे माग समेत राखिएको अध्यक्ष पौडेलले बताए । संघर्ष समितिमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, सार्वजनिक यातायात केन्द्रीय महासंघ, नेपाल ट्रक यातायात व्यवसायी महासंघ, ड्यानी व्यवसायी महासंघ नेपाल, नेपाल यातायात मजदुर संघ, स्वतन्त्र मजदुर संगठन, अखिल नेपाल यातायात मजदुर संघ लगायतका संघ संस्थाहरु रहेका छन् ।

## पाँच राजनीतिक दलको अन्तर्क्रिया कार्यक्रम पोखरामा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

१७ औं गणतन्त्र दिवसको अवसर पारेर कास्कीमा क्रियाशील ५ राजनीतिक दलहरुले संयुक्त रुपमा एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।




पोखराको शहिद पार्क भित्र रहेको घनश्याम स्मृति कक्षमा रहेको हलमा कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा बोल्दै आर्थिक विश्लेषक तथा उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले देशको आर्थिक अवस्था नाजुक अवस्थामा पुगेको र मुख्य राजनीतिक दलभित्र मौलाएको आर्थिक पारदर्शिताको अभावले गर्दा यो व्यवस्था प्रति नैं जनतामा नैराश्यता बढेको दाबी गर्नू भयो । कार्यक्रममा नागरिक अभियन्ता विष्णु प्रसाद वराल, नेकपा माओबादी केन्द्रका कास्की संयोजक विश्वप्रकाश लामिछानेले फेवातालको मापदण्ड, बसपार्क लगायत विषयमा आफ्ना धारणा राख्नु भएको थियो । सोही कार्यक्रममा बोल्दै नेकपा बहुमतका स्थायी समिति सदस्य गुणराज लोहनीले राज्य जनता प्रति उत्तरदायी नभएको कारण आफनो पार्टी जनकारवाहीमा उत्रनु परेको बताउनु भएको थियो । कार्यक्रममा नेकपा एकीकृत समाजबादीका केन्द्रिय सचिव श्रीनाथ बराल, नेकपाका पोलिटब्युरो सदस्य का। आस्था सी, नेसपा नयाँ शक्तिका केन्द्रिय सदस्य टीकाराम पौडेल, क्रान्तिकारी कम्युनिष्ट पार्टीका केन्द्रिय सल्लाहकार रामजी थापा लगायतका वक्ताहरुले आफनो मन्तव्य राख्नु भएको थियो । राष्ट्रिय जनमोर्चाका गण्डकी अध्यक्ष शंकर बरालले भ्रष्टचारले आक्रान्त आजको अवस्थामा सुधार नहुने हो र दलहरु सच्चिन तयार नहुने हों भनें यो व्यवस्था ढाल्न राजावादी आउन नपर्ने, आफै ढल्ने जिकिर गर्नु भयो। राजु क्षेत्रीको सञ्चालन गर्नु भएको सों कार्यक्रममा विक्रम थापाले स्वागत मन्तव्य राख्नु भएको थियो भनें राजमो कास्कीका अध्यक्ष रविमोहन ढकालले सहभागी सवैलाई धन्यबाद ज्ञापन गर्नु भएको थियो ।

गणतन्त्रको रक्षा, भ्रष्टाचार अनियमितता बिरुद्द एबम् पोखरा सेरोफेरोमा रहेका सुकुम्बासी, सहकारी पीडित, बसपार्क निर्माण, फेवातालको मापदण्ड लगायत सामाजिक सरोकारका विषयमा राष्ट्रिय जनमोर्चा, नेसपा (नयाँ शक्ति)नेकपा बहुमत, नेकपा, क्रान्तिकारी कम्युनिष्ट पार्टीले आगामी दिनमा थप संघर्षका कार्यक्रम छिट्टै घोषणा गर्ने आयोजकले जानकारी दिएका छन् ।

## 'राष्ट्रिय युवा संघलाई एकढिक्का बनाउँछौं'

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

राष्ट्रिय युवा संघ नेपालका नवनिर्वाचित अध्यक्ष क्षितिज थेबेले संघभित्रको आन्तरिक एकतालाई थप मजबुत पारिने बताउनुभएको छ ।

पोखरामा मङ्गलबार सम्पन्न संघको दशौं राष्ट्रिय महाधिवेशनबाट पुनः अध्यक्षमा निर्वाचित थेबेले बुधबार पत्रकार सम्मेलनमा सङ्घलाई एकढिक्का बनाउने उल्लेख गर्नुभयो । "महाधिवेशन स्वस्थ तवरबाट सम्पन्न भएको छ, यो हार-जितको विषय नभई सङ्गठनभित्रको आन्तरिक प्रतिस्पर्धा हो", उहाँले भन्नुभयो, "प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्ने कुरालाई यो महाधिवेशनले स्थापित गरेको छ ।"

महाधिवेशनबाट जित्नेहरु उत्साही हुनुपर्ने र पराजित भएका निराश हुनुपर्ने आवश्यकता नरहेको थेबेको भनाइ थियो । अध्यक्षका अर्का प्रत्याशी सुमन पुरीलाई पराजित गर्दै थेबे अध्यक्षमा निर्वाचित हुनुभएको हो ।

## आगामी मनसुनजन्य विपद्मा २० लाख जनसङ्ख्या प्रभावित हुने आकलन

**रासस**
काठमाडौं, १४ जेठ

आगामी मनसुनजन्य विपद्का कारण करिब २० लाख जनसङ्ख्या प्रभावित हुने प्रक्षेपण गरिएको छ ।


गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बुधबार यहाँ बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको ३२औँ बैठकले सो आकलन गरेको हो । मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ समेत अनुमोदन गरेको छ । प्राधिकरणका प्रवक्ता रामबहादुर केसीले प्राधिकरणको नेतृत्वमा विभिन्न सरोकारवाला मन्त्रालय तथा विभागका प्रतिनिधि रहेको समितिले तयार गरेको कार्ययोजनामा यस वर्षको मनसुनजन्य विपद्बाट देशभर करिब चार लाख ५७ हजार १४५ घरधुरीका १९ लाख ९७ हजार ७३१ जनसङ्ख्या प्रभावित हुने आकलन गरिएको जानकारी दिनुभयो ।

बैठकमा प्राधिकरणका कार्यकारी प्रमुख एवं कार्यकारी समितिका सदस्य सचिव इ दिनेशप्रसाद भट्टले कार्यकारी समितिको ३१औँ बैठकबाट भएका निर्णयको समीक्षा, स्वीकृति, आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि, २०८१ (प्रथम संशोधन), विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) को कार्यान्वयनको अवस्थाबारेको अनुगमन प्रतिवेदन र चोभार गल्छीमा नदी प्रवाह सुचारुलगायतका प्रस्ताव पेस गर्नुभएको थियो ।

बैठकले यस वर्षको मनसुनको पूर्वानुमान, विपद्बाट प्रभावित हुने अनुमानित केसलोड, मनुसनजन्य विपद्को पूर्वतयारी तथा प्रतिकार्यका लागि सरोकारवाला मन्त्रालय, विभाग तथा निकायको जिम्मेवारी, विषयगत क्षेत्र तथा सम्बन्धित निकायको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना, पूर्वतयारी र प्रतिकार्यका लागि आवश्यक सम्पर्क विवरण, सामग्रीहरूको मौज्दात तथा दक्ष जनशक्तिहरूको विवरण समेटिएको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२' पारित गरेको केसीले जानकारी दिनुभयो ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन ऋतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको उल्लेख गरेको छ । बैठकले चोभार गल्छी साँघुरो भई गत वर्ष असोज १० गतेदेखि १३ गतेसम्म परेको अविरल वर्षाको कारण बागमती नदीमा पानीको सतह बढ्न गई काठमाडौँ उपत्यकाका नख्खु, कुलेश्वर, थापाथली, बल्खुलगायतका भू-भागमा डुबान भएको हुँदा पुनः उक्त प्रकारको क्षति हुन नदिन नेपाली सेनाबाट सहयोग लिई चोभार गल्छीमा रहेको अवरोध हटाउन सहरी विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको छ । बैठकले आपत्कालीन गोदामघर सञ्चालन कार्यविधि, २०८१ (प्रथम संशोधनः सम्बन्धी प्रस्ताव पारित केसीले जानकारी दिनुभयो ।

"कार्यकारी समितिको ३१ औँ बैठकबाट भएका निर्णयको कार्यान्वयनको सन्दर्भमा भए गरेका कामको समीक्षा पनि गरेको छ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) को कार्यान्वयनको अवस्थाको सम्बन्धमा तयार भएको वार्षिक अनुगमन प्रतिवेदनबारे बैठकलाई जानकारी गराइएको छ", उहाँले भन्नुभयो ।

# अन्तर वडा स्तरीय फुटबल प्रतियोगिताको क्वाटरफाइनलका खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ जेठ

कास्की पोखरा महानगरपालिका वडा न.२५ हेमजामा स्थापित हेमजा यूनाइटेडको आयोजनामा"युवा एकता र विकासका लागि खेलकुद"भन्ने मूल नाराका साथ जेष्ठ १० गते देखि जारी अन्तर वडा स्तरीय फुटबल प्रतियोगिताको बुधवार क्वाटर फाइनलका खेल सम्पन्न भएको छ।



बुधवार भएको वडा न.१३ र १५ विचको अन्तिम क्वाटर फाइनलको खेलमा र्निघारित समयमा दुवै टिमले नतिजा निकाल्न नसक्दा खेल ट्राइवेकरमा परिणत भयो। जस्मा वडा न. १५ ले वडा न.१३ लाई ३-२ को गोल अन्तरले पछि पार्दै सेमिफाइनल प्रवेश गरेको हो। जितका लागि वडा न १५ का जर्सी न.१० का अशोक लामा, जर्सी न.८ का रोसन सुनवार र जर्सी न.११ का प्रदिप श्रेष्ठले १/१ गोल गरेका थिए। वडा न. १५ का जर्सी न.१ का बलराम खत्री उक्त खेलको म्यान अफ दि म्याच घोषित भए।

विहिवार सेमिफाइनलको पहिलो खेल आयोजक वडा न.२५(निलो) र वडा न.१ विच विहान ठिक ८:०० बजे हुनेछ। दोस्रो सेमिफाइनल खेल वडा न.१५ र वडा न. ५ विच विहान ठिक १०:०० बजे हुने खेल संयोजक इन्द्र बहादुर कुवारले जानकारी दिए।

युनाइटेडका अध्यक्ष कृष्णमान श्रेष्ठका अनुसार उक्त प्रतियोगिताको विजेताले नगद रु १ लाख ११ हजार १११ र उप-विजेताले नगद रु ५५ हजार ५५५ साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्। उत्कृष्ट विधागत पुरस्कार तर्फ सर्वाधिक गोलकता, उत्कृष्ट गोलरक्षक,उत्कृष्ट डिफेन्डर,उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्डलाई प्रत्येक विधामा नगद रु २ हजार साथमा ट्रफि साथै प्रतियोगिता अवधिभरको उत्कृष्ट खेलाडीलाई नगद रु ५ हजार साथमा ट्रफी प्रदान गरिने जानकारी दिए। क्वाटर फाइनल देखिका म्याचहरूमा म्यान अफ दि म्याच घोषण गरी ट्रफी प्रदान गरिएको अध्यक्ष श्रेष्ठले थप उल्लेख गरे।

जेष्ठ १७ गते सम्म चल्ने उक्त प्रतियोगितामा ३५ वर्ष भन्दा माथि उमेर समूहको सहभागिता रहेको छ। पोखरा महानगरपालिका तथा वडा न। २५ को संरक्षणमा प्रतियोगिता आयोजना गरिएको हो। गण्डकी प्रदेश फुटबल सङ्घ, कास्की जिल्ला फुटबल सङ्घ, र जिल्ला फुटबल समितिको विशेष सहयोगीको भूमिका रहेको छ।

# १६ नं. वडाका दलित युवालाई मार्केटिङ तालिम

पोखरापत्र संवाददाता
पोखरा, १४ जेठ

पोखरा महानगर पालिका वडा नं. १६ ले त्यस वडाका दलित युवालाई लक्षित गरी डिजिटल मार्केटिङ तालिम शुरु गरेको छ।

पछिल्लो प्रविधीलाई आत्मसाथ गर्दै शुरु गरिएको तालिममा त्यस वडाका दलित समुदायका करिव २७ जना युवा युवतीले सहभागिता जनाएको वडा सदस्य मञ्जु नेपालीले जानकारी दिईन्। पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा एक महिनासम्म संचालन हुने तालिमको बुधवार पोखरा १६ का पुर्व वडाध्यक्ष दानबहादुर वानियाँले शुभारम्भ गरे। कार्यक्रममा बोल्दै वडाध्यक्ष वानियाँले युवा पुस्तालाई स्वरोजगार वनाउनका लागि डिजिटल मार्केटिङ उपयुक्त थलो रहेको बताउँदै, विकसित प्रविधीमा चासो राख्न सुझाव दिए। वडाध्यक्ष अमृत शर्मा



तिमिल्सीनाले दक्ष युवा शक्ति रोजगारीका नाममा विदेशिनु गलत भएको बताउँदै, डिजिटल मार्केटिङले स्वरोजगारी सिर्जना गर्ने स्पष्ट पारे।

कार्यक्रममा वडा सदस्य राजकुमारी वानियाँ, रामचन्द्र आचार्य, हिमालय क्लवका अध्यक्ष मोहन वहादुर थापा, एकल महिला समुहका अध्यक्ष दुर्गा केसी थापा, नमुना क्लवका अध्यक्ष मिनवहादुर गुरुङ,परिवर्तन न्युजका पत्रकार प्रकाश अधिकारी, क्लाउड टेक आई टि सोलुसनका किरण रेग्मी लगायतले तालिम लिएर मात्र नभई सिकेका कुरा व्यवहारमा उर्तान सके मात्र सफल भईने बताए। वडाध्यक्ष अमृत शर्मा तिमिल्सीनाको अध्यक्षतामा भएको कार्यक्रमको संचालन वडा सदस्य मञ्जु नेपालीले गरेकी थिईन्। तालिममा सहभागी युवालाई क्लाउड टेक आई टि सोलुसनले सहजीकरण गर्ने बताईएको छ।

# पाँचौ टाइगर कप भलिबल प्रतियोगिताबाट २१ लाख बचत

पोखरापत्र संवाददाता
पोखरा, १४ जेठ

गत बर्ष पोखरामा आयोजना भएको पाँचौ टाइगर कप अन्तर्राष्ट्रिय आमन्त्रित क्लब च्याम्पियनसिप महिला तथा तथा पुरुष भलिबल प्रतियोगिताबाट २१ लाख रुपैया बचत भएको छ।




टाइगर ग्रुप अफ पोखरा नेपालले बुधबार पोखरामा उक्त प्रतियोगिताको आय-व्यय सार्वजनिक गर्दै ९ दिन संचालन भएको प्रतियोगिताबाट २१ लाख १ हजार ६ रुपैयाँ बचत भएको संस्थाका अध्यक्ष नारायण प्रसाद शर्माले बताउनु भयो। गत माघ १२ देखि २० गते सम्म पोखरा रंगशालाको भलिवल ट्रेनिङ सेन्टरमा आयोजना भएको प्रतियोगिताबाट १ करोड ७१ लाख ८९ हजार ५ सय ७१ रुपैयाँ आम्दानी गर्न सफल भएको उहाँले जनाउनु भयो। त्यसै गरी प्रतियोगिता सम्पन्न गर्न १ करोड ५० लाख ८८ हजार ५ सय ६५ रुपैया खर्च भएको अध्यक्ष शर्माले जनाउनु भयो। यस बर्षको बचत हालसम्मकै सबै भन्दा उच्च रहेको संस्थाले दाबी गरेको छ। बचत रकम शिक्षा,। स्वास्थ्य, खेलकुद सहित सामाजिक क्षेत्रमा खर्च गरिने भएको उहाँले बताउनु भयो।

संस्थाले सबै भन्दा बढी आम्दानी प्रबेश शुल्क (दर्शक) टिकटबाट संकलन गर्न सफल भएको छ। प्रतियोगिताको आम्दानी मध्य एक तिहाई प्रबेश शुल्कबाट संस्थालाई ५७ लाख ३९ हजार ४ सय ४६ रुपैयाँ आम्दानी भएको अध्यक्ष शर्माले बताउनु भयो।

त्यसै गरी स्वदेश तथा विदेश एवं संघ संस्थाहरुको सहयोगबाट ५६ लाख ५० हजार १ सय २५ रुपैया आम्दानी गर्न सफल भएको संस्थाले मुख्य प्रायोजक एनसेलबाट भने १७ लाख, सह प्रायोजक सुश्री मिडिया प्रा.लि.बाट १६ लाख सहयोग प्राप्त भएको छ। त्यसै गरी प्रदेश खेलकुद परिषद गण्डकीबाट १० लाख र पोखरा महानगर पालिकाले १० लाख, राष्ट्रिय खेलकुद परिषदबाट ५ लाख सहयोग प्राप्त भएको सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख छ। सह प्रायोजक सुश्री मिडिया प्रा.लि.बाट १६ लाख सहयोग प्राप्त भएको आयोजकले जनाएको छ। स्वदेशी तथा विदेशी टिम व्यबस्थापन तथा यातायातमा प्रतियोगिताको करिब एक तिहाई खर्च भएको छ। उक्त शिर्षकमा ५९ लाख २८ हजार १ सय ८४ रुपैया खर्च भएको कोषाध्यक्ष हरि बहादुर श्रेष्ठले बताउनु भयो। त्यस पछि पुरस्कार तथा प्रोत्साहन तर्फ २२ लाख ३९ हजार ९ सय ९० रुपैया खर्च भएको छ भने अस्थायी प्यारापिट मंच, टेण्ट र साउण्ड सिस्टममा २० लाख ७९ हजार ५ सय ३० रुपैया खर्च भएको संस्थाले जनाएको छ। संस्थाले खेलाडी अक्षयाकोषमा १ लाख ५० हजार सहयोग गरेको छ भने उक्त मैदान प्रयोग गरे वापनको दैनिक ४० हजारको दरले शुल्क समेत तिरेको टाइगर ग्रुपका सचिव डिवी नेपाली बताउनु भयो। आउदो प्रतियोगितामा विगतका कमीकमजोरीहरु नहुने गरी पूर्व तयारी गर्ने प्रतियोगिताका संयोजक रामकृष्ण ज्ञवालीले बताउनु भयषे। पत्रकार सम्मेलनमा नेपाल भलिबल संघका अध्यक्ष जितेन्द्र बहादुर चन्द, प्रदेश खेलकुद परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, सदस्य सचिव श्रीधर शर्मा, नेपाल भलिबल संघका उपाध्यक्ष याम बहादुर गुरुङ लगायतको सहभागिता रहेको थियो।

सो अवसरमा जिल्ला खेलकुद विकास समितिमा हालै मनोनयन हुनु भएको अध्यक्ष मिलन गुरूङ, उपाध्यक्ष तिलक बहादुर अधिकारी, सचिब अन्जु क्षेत्रीलाई बधाई ज्ञापन सहित सम्मान गरिएको थियो। सोही कार्यक्रममा पोखरा स्पोर्टस अवार्डमा विजेता भलिबलका खेलाडी द्वय अरुणा शाही र विश्वास अधिकारीलाई समेत सम्मान गरिएको थियो। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष यामबी आस्था सहितको टोलीलाई समेत संस्थाले खादा लगायर बधाई ज्ञापन गर्‍यो।

पाँचौं टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भलिबल प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको थियो भने महिलातर्फ आयोजक टोली टाइगर ग्रुपले पहिलो पटक उपाधि जितेको थियो। यसैबिच, संस्थाले आउँदो माघ ९ देखि १७ गतेको मिति प्रस्ताव गर्दै भलिवल संघलाई पत्र समेत पेश गरेको छ।

# पोखरा र वर्दियाका पर्यटन व्यवसायी बीच अन्तरक्रिया

पोखरापत्र संवाददाता
पोखरा, १४ जेठ

गुलरिया नगरपालिकाका प्रमुख मुक्तिनाथ यादवले भारतीय पर्यटकलाई आकर्षण गर्न सके नेपालमा पर्यटकको संख्या उल्लेख्य रुपम बढ्न सक्ने बताएका छन्।

पृथ्वी होटल व्यवसायी समितिको भ्रमण टोलीलाई गुलरियामा स्वागत गर्दे उनले यस्तो बताएका हुन्। उनले पश्चिम नेपालका पर्यटक र भारतीय पर्यटकलाई समेत पोखरा भित्र्याउन पोखरा र नेपालगञ्ज बीच कम्तिमा दैनिक दुई वटा हवाई उडान हुनुपर्नेमा जोड दिए। नेपालगञ्ज र पोखरामा अहिले हप्तामा दुई उडान हुनेगरेको छ।

गुलरिया नगरपालिकाको मात्रै ८३ किलोमिटर क्षेत्र भारतीय सिमानासंग जोडिएको भन्दै भारतबाट आउने पर्यटक पोखरा जान सक्ने र पोखरा आएका पर्यटक बर्दिया आउन सक्ने उनको टिप्पणी थियो।

गुलरिया नगरपालिकाका उपप्रमुख सावित्रा गौतमले पोखरा अत्यन्त मनमोहक क्षेत्र रहेको र बर्दियामा पनि धेरै नै पर्यटकीय क्षेत्र रहेको जानकारी दिइन्। आआफ्नो विशेषता बोकेका दुबै पर्यटकीय क्षेत्र बीचको सहकार्यले आगामी दिनमा पर्यटन प्रर्वद्धनमा थप सहयोग मिल्ने अपेक्षा राखिन्। गुलरीया नगरपालिकाका निमित्त प्रशासकीय अधिकृत मुकुन्द अर्यालले भारतीय पर्यटकको चासो नै पोखरा र मुक्तिनाथ हुने गरेको जानकारी दिए। भारतको अयोध्या र मथुरालाई पोखरा र मुक्तिनाथ जोड्नुपर्ने बताए। उनले हिमाल हेर्न पोखरा किन नजाने र गैंडा हेर्न बर्दिया किन नआउने भन्दै त्यसका लागि दुवैपक्षको सहकार्यको खाँचो रहेको औंल्याए। पृथ्वी होटल व्यवसायी समितिका अधयक्ष अम्बिका घिमिरे (अमृत)ले पोखरा महानगरले पोखरा भ्रमण वर्ष २०२५ घोषणा गरेको र त्यसलाई सफल पार्न आफूहरुले पोखरा आन्तरिक पर्यटक बोलाउन आएको जानकारी दिए। उनले पोखराका आवास र खानामा २० प्रतिशत र



साहसिक खेल (प्याराग्लाईडिङ, बन्जीजम्प)मा १० प्रतिशत छुटको घोषणा गरिएको जानकारी दिए। कार्यक्रममा पृथ्वी होटल व्यवसायी समितिका निवर्तमान अध्यक्ष बालकृष्ण न्युरे, होटल अर्गनाईजेशन वर्दियाका अध्यक्ष संगिता थापा, नेपाल पत्रकार महासंघ बर्दियाका अध्यक्ष निर्मल घिमिरे लगायतले उक्त अवसरमा पर्दीया र पोखराको पर्यटन प्रर्वद्धन लगायतका विषयमा बोलेका थिए। पृथ्वी होटल व्यवसायी समिति का भ्रमण संयोजक विदुर ढुंगानाले 'पोखरा जाऊँ प्रकृतिसँग रमाऔं, पोखरा भ्रमण वर्ष २०२५ सफल पारौं' भन्ने मूल नारालाई आत्मसात गर्दै अयोजित कार्यक्रमलाई पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको संयुक्त प्रवर्द्धनात्मक सहयोग गरेका हुन्।

सोमबार विहान पोखराबाट देशका पश्चिम भागमा आन्तरिक पर्यटक बोलाउन निस्केको टोलीले सोमबार नै लमही होटल व्यसायी समिति र कपिलबस्तुका होटल व्यवसायीसंग छलफल गरेको थियो। मंगलबार होटल व्यवसायी महासंघका केन्द्रीय सदस्य सुनिता पन्तका अनुसार मंगलबार विहान देउखुरीका होटल व्यवसायी समिति र तुलसीपुर होटल व्यवसायी समिति, दिउँसो कोहोलपुर होटल व्यवसायी समितिसंग छलफल गरेको छ। र साँझ होटल अर्गनाईजेशन वर्दियासंग अन्तरक्रिया गरेको टोली नेपालगञ्ज, गुलरीय, धनगढी, अत्तरिया, महेन्द्र नगर, चिसापानी र स्वर्गद्वारी पुगरे पोखरा फर्कनेछ।

# पोखरामा बिहीबारदेखि आठौं खुल्ला स्नूकर प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, १४ जेठ

पोखरामा बिहीबारदेखि कास्की जिल्ला स्तरिय आठौं खुल्ला स्नूकर प्रतियोगिता-२०८२ हुने भएको छ। कास्की विलियड्र्स स्नूकर तथा पुल संघको आयोजनामा यही जेठ ३० गतेसम्म संचालन हुने प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको बुधबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो।

संघमा आबद्ध २० वटा क्लबहरुका ६४ जना खेलाडीहरु वीचमा प्रतिष्प्रर्धा हुने भएको सघका अध्यक्ष सागर कुमार साई (दिलिप) ले बताउनु भयो। प्रतियोगितामा प्रथम हुनेले ८० हजार नगद, शिल्ड र प्रमाण-पत्र, दोश्रो हुनेले ४० हजार, शिल्ड र प्रमाण-पत्र, तेश्रो हुनेलाई १५ हजार नगद, शिल्ड र प्रमाण-पत्र प्राप्त गरिने भएको छ।

यसैगरी हाइएष्ट ब्रेकरलाई ५ हजार, शिल्ड र प्रमाण-पत्र प्रदान गरिने भएको संघका महासचिव सविन जिसीले बताउनु भयो। १६ दिन चल्ने प्रतियोगिता सञ्चालन गर्न ३ लाख ५४ हजार खर्च लाग्ने लाग्ने भएको छ भने ४४ हजार बचत हुने अपेक्षा गरिएको उहाँले जनाउनु भयो। बचत रकम सामाजिक कार्यमा खर्च गरिने आयोजकले जनाएको छ। केही रकम भने खेलाडि अक्षयकोषमा तथा राष्ट्रिय स्तरको प्रतियोगिताका लागि खर्च खरिने महासचिव जिसीले जनाउनु भयो।

उद्धाटन खेल विन्ध्यवासिनी बस पार्कमा रहेको दिपलव स्नुकर क्लब हुनेछ भने अन्य विभिन्न चरणको खेलहरु भने पोखरामा रहेका क्लबहरुको ५ ठाँउमा खेलाइने भएको छ। खेलाडी उत्पादन सहित विलियार्ड स्नुकरलाई व्यावसायिक रुपमा स्थापित गर्न यो खेलको आयोजना गरिएको अध्यक्ष दिलिपले बताउनुभयो। १५ औं शताब्दीबाट शुरु यस खेलको आफ्नै महत्व रहेको छ। यस खेलबाट समाजमा भाइचारा सम्बन्ध, नैतिकता र अनुशासनमा थप विकास हुनेछ भन्ने आयोजकले विश्वास गरेको छ। संघले यस अघि विभिन्न ढंगले प्रतियोगिताहरु गर्दै आए पनि गत बर्षको चैत ३० गते भने जिल्ला खेलकुद विकास समिति कास्कीमा दर्ता भएको उपाध्यक्ष रामजी सुनारले बताउनु भयो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# रैतीबाट नागरिक भएको दिन गणतन्त्र दिवस

नेपालमा गणतन्त्र घोषण भएको १७ वर्ष पुरा भएको छ । गणतन्त्र घोषणको १८ औं वर्ष प्रवेशमा गरेको छ। २४० वर्ष पुरानो शाह वंशीय राजतन्त्रको अन्त्य गरी गणतन्त्र घोषणा भएको १७वर्ष पुरा भएको छ। २०६५ साल जेठ १५ गते संविधान सभाको पहिलो बैठकले राजतन्त्रको अन्त्य गर्दै गणतन्त्रको घोषणा गरेको थियो । २०६२/०६३ को जनआन्दोलनको बलले नै गणतन्त्रको घोषणा गर्ने चरणमा पुऱ्याएको हो । नेपालमा पटक पटक भएका राजनीतिक आन्दोलन र नेकपा माओवादीले गरेको दस वर्षे सशस्त्र संघर्षले गणतन्त्र घोषणामा महत्वपूर्ण भुमिका खेलेको हो। त्यस अघि नेपालमा भएका आन्दोलन र संघर्षका कारण राजतन्त्र कमजोर बनाउने काम गरेको हो। दरबार हत्याकाण्डले पनि राजतन्त्र कमजोर हुँदै गएको थियो । विदेशीले पनि नेपालमा गणतन्त्रको लागि सहयोग गरेकै हुन । कम्युनिष्ट पार्टीको स्थापना नै गणतन्त्र स्थानपनाका लागी भएको थियो। कम्युनिष्ट पार्टीहरुले नेपाली कांग्रेसलाई गणतन्त्रको पक्षमा ल्याउन सकेकै कारण नेपालमा गणतन्त्र घोषण संभव भएको हो।

गणतन्त्र घोषण पछि मुलुकमा ऐतिहासिक महत्वका उपलब्धि हासील भएका छन। संविधान सभावाट जनता सर्वभौम भएको संविधान निमार्ण भएको छ। संविधानले गणतन्त्र, धर्म निरपेक्षता, संघीयता, समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छासंघीय संसद, प्रदेश सभा र स्थानीय तहमा महिलाको प्रतिनिधित्व एक तिहाई भन्दा बढी पुगेको छ। संविधानले शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी, सामाजिक सुरक्षा, रोजगारीको ग्यारेन्टी गरेको छ। गणतन्त्र पछि मुलुकले धेरै क्षेत्रमा प्रगति गरेको छानागरिक जागरुक र अधिकारप्रति सचेत भएका छन । आफ्ना कुरा राख्न सक्ने भएका छन।राजनीतिक खिचातानी र प्रतिशोधको कारण उपलब्धिलाई जनताको बीचमा भन्न सकेका छैनन् । प्राप्त उपलब्धिलाई केही नदेख्ने तर कमजोरीलाई उजागर गरेर गणतन्त्रलाई दोष दिएर समाज भड्काउने काम भएको छ। दलहरूबीचको अविश्वास र दलभित्रको गुटबन्दीले गर्दा गणतन्त्रले के दियो भन्नेहरु सलबलाउन थालेका छन। सिंहदरबारको अधिकार गाउँमा पुगेको छातर त्यसको प्रचार हुन नसक्दा गलत प्रचारले ठाउँ लिएको छास्थानीय तहका प्रतिनिधीले पहिलो कार्यकाल पुरा गरेर दोस्रो कार्यकालकाजनप्रतिनिधिको तीन वर्ष पुरा गरेका छन । जनताको मन जित्ने घोषणामा होडबाजी चलेको छ। अब आफ्ना कार्यक्रम र योजना तथा बजेट पेस गर्ने अवस्थामा आएका छन।राजनीतिक दल र नेताको मुठ्ठीमा सबै कुरा राख्न खोज्दा जनतामा गणतन्त्र आएको अनुभूति गर्ने खालका काम हुन नसकेको गुनासो छ। ति गुनासोलाई मनन गरेर कार्यक्रम ल्याउने चुनौती दलहरूलाई छ। संविधान जारी भए पछि पनि त्यस प्रति असन्तुष्टि जनाउने राजनीतिक समूह अहिले संघीय सरकारमा छन् । मधेस प्रदेशमा मधेश केन्द्रीत दलको नेतृत्वमा सरकार छ। त्यो सरकार जनताको समस्याप्रति बेखबर जस्तै छ। गणतन्त्रलाई जीवन पद्धति बनाउन नसकेको हुँदा जनताले परिवर्तनको अनुभूति गर्न पाएका छैनन् ।राज्य सत्ताको उच्च तहमा बसेकाले सत्ता र शक्तिको दुरुपयोग गरेर भ्रष्टाचारमा लिप्त भएका छन। भ्रष्टाचारीलाई सत्ताको आडमा उन्मुक्ति दिने, संरक्षण गर्ने गरेका छन । सत्ता स्वार्थका कारण अन्य मुद्दा ओझेलमा परेका छन । राजनीतिक संस्कार सिकाउने भन्दा गाली गलौज गर्ने, आरोप लगाउने, आक्रोश पोख्ने, कुण्ठा पोख्ने थलो सदन भएको छ। सर्वोच्च अदालतले अपराधी ठहर गरेकालाई माफी दिने, सत्ताको आडमा अपराधीहरूलाई उन्मुक्ति दिलाउनु कानुनी शासनको खिल्ली उडाउनु हो । जनतालाई बोझ थपेर कार्यकर्ता र आसेपासेलाई सुविधा दिने,सहायता दिलाउने कामले प्रणालीकै बद्नाम गराएको छ।

भाषणमा र दस्तावेजमा समाजमा सवै खाले विभेद र शोषणको अन्त्य गरि आर्थिक समानता, सामाजिक न्याय, समृद्धि सहित मुलुकमा समाजवादको आधार निमार्ण गर्ने संवैधानिक व्यवस्था छ। गणतन्त्र पछि पनि हुनेखानेले मात्र राज्यबाट सुविधा पाउने गरेका छन। शक्ति र सत्तासंग नजिककाले मात्र फाइदा लिन सकेका छन।पसिना चुहाउने किसान मजदुरको हितमा काम हुन नसक्दा जनतामा जुन व्यवस्था आएपनि त्यस्तै भन्ने भान परेको छ । जनतामा छाएको निराशालाई उग्रदक्षिण पंथी (राजावादी) र पपुलिष्टहरुले जनतालाई भड्काउन थालेका छन । राजतन्त्र ल्याउन जनतालाई रैती बनाउन सक्रिय छन।विदेशीले चलखेल गर्ने मौका पाएका छन।जनतामा छाएको निराशालाई पक्डेर जनताले ल्याएको परिवर्तन उल्टाउन सक्छन् । गणतन्त्रका घोषणका लागि संगै लडेका राजनीतिक दलहरु नदीका दुई किनारा जस्तै देखिनु राम्रो होईन। काङ्ग्रेस र कम्युनिस्ट मात्र होइन नयाँ उदाएका दलसंग पनि त्यही व्यबहार देखाउनु असहिष्णु व्यबहार हो।सदनमा जनताका समस्यामा भन्दा राजनीतिक दाउपेचका आधारमा नारावाजी र विरोध हुन थालेको छावजेट पेश गर्न पनि पाउने नपाउने हो भन्ने अवस्था आउनु गणतन्त्रको लागि राम्रो होइन । आवधिक निर्वाचनवाट जनताले आफ्नो प्रतिनिधी छान्ने प्रणली मात्र होईन गणतन्त्रलाई दलहरुले जीवन पद्धती वनाउनु पर्दछ। गणतन्त्र वादीले आफुलाई जनता भन्दा फरक देखाउन थाले भने हामीले गरेको घोषणा र जनताको बलिदान खेरा जान सक्छ।

गणतन्त्र भनेको सरकारमा पुगेर जनताको हितमा काम गर्नु हो । जनताको हितमा काम गर्नको निम्ति व्यक्तिगत लोभ, पारिवारीक मोह, दलको स्वार्थ त्याग्न सक्नु पर्छ। कम्युनिष्ट र लोकतन्त्रवादीहरुले सामाजिक न्याय सहितको प्रणाली विकास गर्न नसके जनताले बलिदानी दिएर ल्याएको गणतन्त्र हुनेखानेका लागीमात्र हुनजान्छ । राजनीतिक संक्रमणकाल अन्त्य गरि संविधानले सुरक्षित गरेका सबै अधिकार कार्यान्वयनमा आउन सकेमात्र गणतन्त्र स्थापना भएको अनुभूति जनताले गर्न पाउनेछन् । मुखले गणतन्त्रको चर्को कुरा गर्ने व्यवहारमा सामान्ती शैली देखाएमा गणतन्त्र बलियो हुन सक्दैन। गणतन्त्रको बारेमा जनतालाई सचेत पार्ने र गणतन्त्रको लागि बलिदानी दिने, आन्दोलनमा लागेर अंगभंग भएका योद्धा र उनीहरुका आश्रित परिवारलाई सम्झने गरेमा गणतन्त्र दिवस मनाएको सार्थकता रहनेछ । गणतन्त्रको लागि लडेका र परिवर्तनको बाहकहरु मिलेर जनताको अवस्था बदल्न र गणतन्त्रलाई जीवन पद्धति बनाउन थालेका योजनाबद्ध विकास निर्माण पुरा गरेर सुखी नेपाली र समृद्ध नेपाल सपना पुरा गर्न लागेमा गणतन्त्र दिवस जनताको अधिकार स्थापित भएको दिन हुनेछ । रैतीबाट नागरिक र स्वाभिमानी भएको दिनको शुभकामना।

# पोखरामा डुंगा दौड प्रतियोगिता हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको आयोजनामा पोखराको फेवातालमा राष्ट्रिय खुल्ला डुंगा दौड प्रतियोगिता हुने भएको छ । फेवा डुंगा व्यवसायी संगठनको व्यवस्थानमा आगामी जेष्ठ १८ गते उक्त प्रतियोगिता हुन लागेको पोखरामा बुधबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । महिला तथा पुरुषतर्फ खुल्ला रुपमा यो प्रतियोगिता सञ्चालन गरिने पत्रकार सम्मेलनमा जानकारी दिइयो।

फेवातालका बारेमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय जगतमा प्रचार प्रसार गर्ने, फेवातालमा हुन सक्ने भवितब्य घटनाबारे सचेतनामुलक जानकारी दिने, फेवातालको महत्व बुझाउन तथा पोखरामा पर्यटक भित्र्याउँदै पोखराको पर्यटन प्रवर्द्धन गर्ने उद्येश्यका साथ यो प्रतियोगिता आयोजना गर्न लागिएको आयोजक संस्थाका गण्डकीप्रमुखमणीराजलामिछानेले पत्रकार सम्मेलनमा बताउनुभयो । महिलातर्फ बाराहीघाट देखि पारी लिच्चि गार्डेनसम्म जाने आउने जाने सहित झण्डै २ किलोमिटर तथा पुरुषतर्फ बाराहीघाट देखि पारी लेक हाउससम्म जाने आउने गरि झण्डै ३ किलोमिटरको दुरीमा प्रतिस्पर्धा गराइने व्यवस्थापन समितिका अध्यक्ष बलराम गिरीले जनाउनुभयो। प्रतियोगितामा प्रथम हुने टिमले नगद ४० हजार, द्वितियले नगद ३० हजार, तृतियले नगद २० हजार तथा सान्त्वनास्थान हाँसिल गर्ने टिमले नगद १० हजार सहित मेडल, प्रमाण-पत्र पुरस्कार प्राप्त गर्नेछन्। पुरुषतर्फ २० टिम तथा महिलातर्फ १० टिमको सहभागिता रहने आयोजकको अपेक्षा छ। प्रत्येक टिममा तीन जना डुंगा चालक रहने छन्। प्रतियोगिता सफल पार्न फेवा डुंगा व्यवसायी संगठनका अध्यक्ष बलराम गिरीको अध्यक्षतामा मुल आयोजक समारोह तथा प्रतियोगिता संयोजक बत्ति गुरुङको संयोजकत्वमा विभिन्न १२ वटा उपसमितिहरु गठन गरिएको सो अवसरमा जानकारी दिइयो । व्यवस्थापन समितिका सचिव शिव जिसीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# बेनी खानेपानी आयोजनाको क्षमता विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ जेठ

सदरमुकाम बेनी बजारमा खानेपानी वितरण हुँदै आएको आयोजनाको क्षमता विस्तारसँगै जल शुद्धीकरण गर्ने संरचना निर्माण भएको छ।

सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाले रु दुई करोड ४६ लाखको लागतमा बराहपाखोमा पानी शुद्धीकरण गर्ने नौ लाख लिटर क्षमताका तीनवटा ट्याङ्की निर्माण गरेको हो । बेनी खानेपानी आयोजना उपभोक्ता समितिका अध्यक्ष रमेश गिरीका अनुसार मुहानबाट ल्याएको पानीलाई दुई चरणमा शुद्धीकरण गरेर उपभोक्तालाई आपूर्ति गरिने छ। पाइपलाइनबाट ल्याइने पानीलाई तीन लाख ५० हजार लिटर क्षमताका 'सेडिमेन्टेसन' ट्याङ्कीमा सङ्कलन गरिने । विस २०६३ मा नगर विकास कोषबाट ऋण लिएर आयोजना निर्माण गरिएको थियो । बेनी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थामार्फत बेनी नगरपालिका वडा नं २ हाँडेभिर, वडा नं ७ र ८ बेनीबजारका एक हजार २१६ घरका २५ हजार जनसङ्ख्याका लागि खानेपानी वितरण हुँदै आएको छ। बेनीमा जनघनत्वसँगै खानेपानीको माग बढेकाले आपूर्तिलाई सहज बनाउन क्षमता विस्तार गरिएको हो । अन्नपूर्ण गाउँपालिका-८ मा रहेको रिठ्ठाखर्क, डाँडाखर्क र बेनी नगरपालिका-३ कोप्रे खोलाको मुहानबाट प्रतिसेकेण्ड २४ लिटर खानेपानी आपूर्ति गरेर वितरण हुँदै आएको छ । बेनीको मङ्गलाघाटस्थित म्यादी नदीको किनारबाट पानी लिफ्ट गर्ने वैकल्पिक संरचना पनि रहेको छ।

# लमजुङमा आगलागी, महिलाको मृत्यु

**पोखरापत्र संवाददाता**
लमजुङ, १४ जेठ

सुन्दर बजार नगरपालिका-९ बुद्धटोलस्थित भरत थापाको घरमा आगलागी हुँदा भाडामा बसेकी एकल महिलाको जलेर मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी राजकिशोर शाहीका अनुसार दोर्दी गाउँपालिका-१ की ७० वर्षीया मिठी थापाको मृत्यु भएको हो । बुधबार बिहान करिब ३:३० बजे आगलागी भएपछि प्रहरी र स्थानीयले उहाँ बस्नु भएको कोठाको ढोका फोरेर उहाँलाई उद्धार गरेका थिए । जलेर गम्भीर घाइते हुनुभएकी उहाँको बैंसीसहर स्थित प्रदेश अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# एउटै ढुङ्गाबाट मालिका मन्दिर पुनःनिर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ जेठ

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बागलुङको प्रसिद्ध मालिका मन्दिर पुनःनिर्माण गरेको छ। अहिले मन्दिरको पुनःनिर्माण सकिएर तामाको छानो राख्ने तयारी गरिएको छ।

एउटै ठूलो चट्टानलाई काटेर निकालिएको ढुङ्गा कुँदेर भगवती मन्दिर पुनःनिर्माण गरिएको हो । जीर्ण अवस्थामा रहेको पुरानो मन्दिरलाई कलात्मक ढङ्गले ढुङ्गा र काठको मात्रै प्रयोग गरेर मन्दिर पुनःनिर्माण गरिएको हो । तीन तलाको प्यागोडा शैलीमा निर्माणको अन्तिम चरणमा रहेको मन्दिरमा प्रयोग भएका सबै कच्चा पदार्थ एउटै ढुङ्गा काटेर कुदिएको हो।

बागलुङ नगरपालिका-५ मालिका स्थित शक्तिपीठ मालिका भगवती मन्दिरलाई एउटै चट्टान काटेर निकालिएको ढुङ्गालाई कुँदेर मन्दिर पुनःनिर्माण गरिएको छ। मालिका भगवती मन्दिरको नामबाट उक्त गाविसको नाम समेत मालिका राखिएको थियो । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले चालु आर्थिक वर्षमा विनियोजन गरेको रु ५४ लाखबाट मालिका भगवती मन्दिर पुनःनिर्माण थालिएको र अहिले मन्दिरको पुनःनिर्माण अन्तिम तरणमा पुगेको मालिका भगवती मन्दिर व्यवस्थापन समितिका महासचिव खीम सापकोटाले जानकारी दिनुभयो। उहाँले मन्दिरसँगै गणेश मन्दिर, शत्तल, घण्टी, प्रवेशद्वार र तारबार गरी रु एक करोडको संरचना तयार भइरहेको बताउनुभयो।

अन्य पूर्वाधार मालिका मन्दिर दर्शनका लागि आउने भक्तजन तथा मालिका मन्दिरसँग आस्था जोडिएर देश विदेशमा रहनुभएकाबाट रु एक हजारदेखि रु चार लाखसम्म सहयोग प्राप्त भइरहेको सापोटाले जानकारी दिनुभयो । उहाँले मन्दिरमा उठेको सहयोगले कुँवेरधाम मन्दिरको मूर्ति तयार गरिएको बताउनुभयो । "मन्दिर पुनःनिर्माण थालेपछि सहयोग उठ्यो, रु ५४ लाखमा पुनःनिर्माण थालिएको मन्दिर र अन्यय मन्दिरसँगजोडिएकासंरचनासहित रु एक करोडको पूर्वाधार निर्माण अन्तिम चरणमा छ, परापूर्व कालदेखि मालिकाको थानलाई पूजा गरिन्थ्यो, त्यही थानमा निर्माण गरिएको मन्दिर जीर्ण बनेपछि पर्यटन मन्त्रालयको बजेटले पुनःनिर्माण थालिएको थियो", उहाँले भन्नुभयो, "दिव्य शिलालाई घेरेर ढुङ्गा र काठ मात्रै प्रयोग गरेर कलात्मक रुपमा मन्दिर पुनःनिर्माण गरिएको छ, मन्दिरको अन्य संरचना निर्माणका लागि सहयोग जुट्ने क्रम जारी छ।"

दिव्य शिला भएको स्थानलाई घेरेर तीन तलाको प्यागोडा शैलीमा मन्दिर निर्माण गरिएको छ। एउटै शिलाको ढुङ्गालाई काटेर मन्दिर निर्माण भइरहेको र भक्तपुरबाट कालिगढा ल्याएर मन्दिर मिर्नाण गर्ने कार्य चलिरहेको छ । कालिगढबाट ढुङ्गा कुँदिएको, कलात्मक टुडाल र तामाले छाएको मन्दिर निर्माणले साच्चिकै मौलिकता झल्किन्छ । मल्लकालिन थानलाई मालिका भगवतीको रुपमा लिइएको किम्मदन्ती रहेको र मालिका मन्दिरलाई बागलुङको कालिका मन्दिरको बहिनीको रुपमा पुजा आजा गर्दै आएको उपभोक्ता समितिका अध्यक्ष मेघराज पाण्डेले जानकारी दिनुभयो।

मल्लकालिन थान रहेको स्थानमा मालिका कालिकाको बहिनीको स्वरुपमा रहेको छ भने पुरातात्विक क्षेत्र समेत भएकाले मालिका भगवतीलाई यस क्षेत्रमा महत्वका रुपमा हेरिन्छ। कालिका र मालिका दुई बहिनी भएको र कालीगण्डकीको जल कालिकामा चढाएर बाँकी रहेको जल मालिकामा चढाउने चलन रहेको अध्यक्ष पाण्डेले बताउनुभयो।

# झिँका कृषकलाई औजार वितरण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिका-५ झिँका कृषकलाई परम्परागत बाली जौँ र उवा उत्पादन तथा 'ब्राण्डिङ' गर्न कृषकलाई अनुदानमा कृषि औजार वितरण गरिएको छ।

गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नवप्रवर्द्धनसाझेदारीकार्यक्रमअन्तर्गत झिँका परम्परागत जौँ र उवा बालीको व्यावसायिक खेतीको विकास र किसानको आयआर्जन वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले सञ्चालन भएको परियोजनामार्फत कृषि औजार वितरण गरिएको हो । पचहत्तर प्रतिशत अनुदानमा ६७ जना कृषकलाई ३० वटा मिनिटेलर हलो, १८ वटा थ्रेसर मेसिन, १९ वटा कम्बाइन मेसिन वितरण गरिएको रघुगङ्गा गाउँपालिकाको कृषि अधिकृत दिपकराज जोशीले जानकारी दिनुभयो । थप ८२ वटा जौ, उवा र कोदो तथा घाँस काट्ने ब्रस कटर, एक सेट कुकीज उत्पादन गर्ने मेसिन, १६६ थान त्रिपाल, १०० वटा ३०० किलोग्राम तौल क्षमताको मेटल बिन दोस्रो चरणमा वितरण गरिने उहाँले बताउनुभयो । सिँचाइका लागि २० एमएमको चार हजार ३६४ मिटर, २५ एमएमको एक हजार ५००, ३२ एमएमको चार हजार २०० र ४० एमएमको २०० मिटर पाइप वितरण गर्ने क्रममा रहेको कृषि अधिकृत जोशीले बताउनुभयो।

रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारी, प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारी, वडा अध्यक्ष मनबहादुर शेरमन्जा र कृषि अधिकृत जोशीले मङ्गलबार कृषि औजार वितरण गर्नुभएको थियो। परियोजनाका लागि प्रदेश सरकारले रू ७५ लाख र गाउँपालिकाले रू २५ लाख बिनियोजन गरेका छन्।

लोप हुँदै गएको परम्परागत जौँ र उवा बालीको संरक्षण गरी विभिन्न खाद्य परिकार बनाएर बजारीकरण गर्ने उद्देश्यले सञ्चालन गरिएको परियोजनामार्फत जौँ र उवाको उत्पादसँगै किसानलाई गाउँमै आम्दानीको अवसर सिर्जना हुने गाउँपालिकाका अध्यक्ष भण्डारीले बताउनुभयो । परियोजनामार्फत झिँका २८३ परिवार कृषक लाभान्वित हुनेछन्। ३०० रोपनी क्षेत्रफल जमिनमा जौँ र उवाखेती विस्तार भएको। परियोजनामार्फत जौँ र उवा प्रशोधन गरेर कुकिज र बिस्कुट उत्पादन गर्ने उद्योग सञ्चालन गर्न लागिएको वडा अध्यक्ष शेरमञ्जाले बताउनुभयो । किसानलाई सूचीकरण गरी परम्परागत जौँ र उवा बालीको महत्वबारे जानकारी गराई खेती प्रविधिसम्बन्धी तालिमसमेत दिइएको थियो । झिँका होटल र होमस्टेमा जौँ र उवाको परिकार बनाउने सीप हस्तान्तरणका लागि तालिम सञ्चालन भएको थियो । प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले कृषि औजार र सामग्रीको प्रयोग गरि जौ र उवाको उत्पादन वृद्धि गरी आयआर्जनमा अग्रसर हुन आग्रह गर्नुभयो । पोसिलो खाद्यान्न जौँ र उवाको पछिल्लो समय खेती घटेको छ। आगामी २०८२ जेठभित्र परियोजना सञ्चालन हुनेछ । जौँ हिन्दु धर्मावलम्बीको र जौँको सातु बौद्ध धर्मावलम्बीको धार्मिककार्यमा अनिवार्य मानिन्छ। जौँको आँटो, पिठोको ढिँडो र सातु बनाएर उपभोग गर्न सकिन्छ। उवालाई भुटेर खाजा खाने गरिन्छ। सुक्खा र खडेरी सहने जौँ पहाडी र हिमाली क्षेत्रको मुख्य खाद्यबाली हो । युरोपका देशमा जौँबाट रोटी, पाउरोटी, बियरलगायत बनाउने बताइएको छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.२८ सोतोखोला सुनपदेली तटबन्ध निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सोतोखोला सुनपदेली तटबन्ध निर्माण
ठेगानाः पोखरा-२८, खोतोखोला
योजना सम्झौता मितिः २०८१/११/१८ गते
योजना शुरु मितिः २०८१/११/१९ गते
योजना सम्पन्न हुने मितिः २०८२/०१/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/०१/३० गते
योजनाको कुल लागतः रु. ८,२३,७२४।-
महानगरपालिकाबाटः रु. ७,००,०००।-
जनसहभागिताबाटः रु.१,२३,७२४।-
अध्यक्षः दिपक बहादुर अधिकारी सम्पर्क नं.: ९८४६२५७६५६
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**सोतोखोला सुनपदेली तटबन्ध निर्माण उपभोक्ता समिति पोखरा-२८**

# सेवा निवृत्त शिक्षकद्वारा हाते कागज उद्योग सञ्चालन

रासस
म्याग्दी, १४ जेठ

म्याग्दीको मालिका गाउँपालिका-६ दरबाङका सेवा निवृत्त शिक्षक मोतिराज गौतमले हाते कागज उद्योग सञ्चालनमा ल्याउनुभएको छ । एकचालिस ४१ वर्ष लामो शिक्षण पेसाबाट अवकाश लिएपछि गौतमले मालिका गाउँपालिका-५ थापा चौरमा जग्गा भाडामा लिएर 'मालिकाका गज उद्योग' सञ्चालनमा ल्याउनुभएको हो ।

एक दशकअघि सामूहिक रुपमा सुरु भएको कागज उद्योग घाटामा गएपछि बन्द भएको थियो । ६ वर्षदेखि उद्योगको सबै स्वामित्व लिएर मालिका गाउँपालिका-३ अधिभारामा हाते कागज उत्पादनलाई निरन्तरता दिनुभएका गौतमले शिक्षण पेसाबाट सेवा निवृत्त भएपछि अहिले नयाँ व्यवस्थापन र उत्पादन क्षमता बढाएर उद्योगलाई नयाँ स्वरुपमा सञ्चालनमा ल्याएको बताउनुभयो । "थापाचौरमा पाँच रोपनी जग्गा भाडामा लिएर गोदाम घर, प्रशोधन केन्द्र र कागज सुकाउनका लागि टनेल घर बनाएको छु, फ्रेममा राखेको कागज सुकाउनका लागि टनेल घर बनाएपछि पानी परेको समयमा कागज उत्पादन गर्न सकिने सुविधा भएको छ, पूर्वाधार विस्तारले उद्योगबाट कागज उत्पादन गर्ने क्षमता बढेको छ", गौतमले भन्नुभयो ।

जङ्गलमा पाइने बरुवाको लोक्तालाई प्रशोधन गरेर हाते कागज बनाउने गरिन्छ । उद्योगमा मालिका गाउँपालिका-२ रुम र ३ डाँडागाउँका चार सामुदायिक वनबाट उपभोक्ताहरुले बरुवाको



लोक्ता सङ्कलन गरी बिक्री गर्दै आएका छन् । सङ्कलन कर्ताबाट उद्योगले रु प्रतिकिलो ८० देखि रु एक सय सम्ममा लोक्ता खरिद गर्दै आएको छ । उद्योगले कागजको प्रयोजनअनुसार धुप बनाउनका लागि ७ ग्राम, कार्यालय प्रयोजनका लागि २० ग्राम र चिना लेख्ने नेपलाी कागज ४० ग्रामको गुणस्तरमा उत्पादन गर्दै आएको छ ।

उद्योगमा उत्पादन भएको हाते कागज म्याग्दीका साथै, बागलुङ, कास्की र काठमाडौंसम्म खपत हुने गरेको छ । उद्योगमा बाटेको धुप बनाउने, कार्यालय प्रयोजनका लागि फोटोकपी पेपर, चिना, तमसुक र निवेदन लेख्ने प्रयोजनका लागि हाते कागजको माग आउने गरेको सञ्चालन गौतमले जानकारी दिनुभयो । उद्योगमालोक्तालाई प्रशोधनकालागिविद्युतियबोयल, बिटर र कटिङ मेसिन जडान गरिएको छ । "लोक्ताबाट कागजबनाउने परम्परागत र रैथाने सिपहो, जंगलमा खेर गएको लोक्ताको उपयोग गरी स्थानीय स्तरमाआयआर्जन र रोजगारि बढाउनु मेरो प्रमुखउदेश्य हो, कागजकिन्नकै लागिबाहिरीने पैसालाई स्थानीय स्तरमै रोक्न सकिन्छ कि भन्ने लागेर यतालागेको छु"- उहाँले भन्नुभयो ।

विसं २०७६ देखि एकल रुपमा हाते कागज उद्योग सञ्चालन गर्दै आउनुभएका गौतमको उद्योगमा अहिले दैनिक पाँच जनाले रोजगारी पाएका छन् । गौतम दम्पत्ति उद्योग स्थापना गरेर स्वरोजगार बन्नुभएको छ । एकै पटक छ सय फ्रेममा कागज उत्पादन गर्ने क्षमता रहेको यस उद्योगमा रङ्गीन नेपाली कागज उत्पादन गर्न थालिएको छ ।

मेसिन, औजार उपकरण र सामग्री खरिद तथा व्यवस्थापनमा रु २५ लाख लगानी भएको उद्योगका सञ्चालन गौतमले जानकारी दिनुभयो । उद्योगबाट वार्षिक १५ लाख बढीको कागज बिक्री हुने गरेको छ । गौतम परिवारले दरबाङबजारमा मालिका हेन्डिग्राफ स्टोर्स सञ्चालन गरेर उद्योगबाट तयार हुने हाते कागजबाट नोटबुक, रजिष्टर, फाइल, खामलगायत सामग्री उत्पादन गरेर बिक्री गर्दै आएका छन् । मालिका कागज उद्योगको स्तरीकरणमा गाउँपालिका र गण्डकी प्रदेशको उद्योग तथा पर्यटन मन्त्रालयले सघाएका छन् । यस वर्ष मन्त्रालयले हाते कागजलाई अन्तिम रुप दिने क्यालेण्डिङ मेसिन खरिदमा रु एक लाख ५० हजार अनुदान उपलब्ध गराएको छ । मालिका गाउँपालिकाले हाते कागज उद्योगमा कागज सुकाउनका लागि टनेल घर निर्माण, ट्रसको छानो निर्माण र पानी व्यवस्थापनमा रु दुई लाख ५० हजार सहयोग गरेको गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजाले जानकारी दिनुभयो । गाउँपालिकाले स्थानीय स्तरमा उद्यमशिलताको विकासमा गाउँपालिकाले सीप, प्रविधि र पूर्वाधार निर्माणमा सघाउने गरेको बताउनुभयो । यस उद्योगले जिल्लामा रहेका स्थानीय तह र सरकारी कार्यालयले प्रयोग गर्ने नेपाली कागज जिल्लामै उत्पादन भएको कागजलाई उपयोग गर्ने नीति ल्याएमा उद्योगको क्षमता विस्तार गर्ने र धेरैलाई रोजगारी सिर्जना गर्न सकिने जनाएको छ ।

म्याग्दीको मालिका गाउँपालिकाका साथै, धवलागिरी, मङ्गला, रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाको दुई हजार चार सय मिटरदेखि तीन हजार दुई सय मिटर चाईसम्मको जङ्गलमा प्रशस्त मात्रामा बिरुवा पाइने गर्छ । एक पटक बिरुवाको लोक्ता निकालेपछि पुनः पाँच वर्षपछि सोही बिरुवाबाट लोक्ता निकाल्न सकिन्छ । म्याग्दीमा यसअघि हाते कागज उद्योग सञ्चालनमा आउने र बन्द हुने क्रम जारी छ । वन पैदावारमा आधारित उद्योग भएकाले कच्चापदार्थ सङ्कलन, उद्योग सञ्चालनदेखि उत्पादन भएका सामग्रीको निर्यातमा झण्झटीलो कानुनी प्रक्रियाको कारण हाते कागज उद्योगको स्थायित्व र दिगोपनामा चुनौती देखिएका छन् ।

# 'अन्नपूर्ण पर्यटन पत्रकारिता पुरस्कार-२०८२' पत्रकार पराजुलीलाई

पोखरापत्र संवाददाता
पोखरा, १४ जेठ

यसवर्षको 'अन्नपूर्ण पर्यटन पत्रकारिता पुरस्कार-२०८२' पत्रकार रोहितराज पराजुलीलाई प्रदान गरिने भएको छ ।

प्रतिभा छनौट समितिको सिफारिस बमोजिम नयाँपत्रिका दैनिकको पोखरा व्यूरोमा कार्यरत पत्रकार पराजुलीलाई सो पुरस्कारबाट सम्मान गरिन लागिएको हो । पुरस्कारको राशि रु. २५ हजार नगद र सम्मानपत्र रहेको छ । उनलाई यही जेठ २० गते घान्द्रुकमा हुने अन्नपूर्ण म्याराथनको पाँचौ संस्करणको समापन समारोहमा सम्मान गरिनेछ । कास्कीको अन्नपूर्ण गाउँपालिका, घान्द्रुकस्थित अन्नपूर्ण सेन्चुरी पर्यटन समितिद्वारा स्थापित एवं सञ्चालित सो पुरस्कार अन्नपूर्ण गाउँपालिकाको पर्यटन प्रवर्द्धन गर्ने एक जना पत्रकारलाई ३ जुन अर्थात अन्नपूर्ण हिमाल आरोहण दिवस दिन प्रदान गरिन्छ । प्रतिभा छनोट समितिको संयोजकमा नेपाल पत्रकार महासंघ कास्कीका पूर्व उपाध्यक्ष राजवहादुर गुरुङ रहेका थिए ।

सदस्यहरुमा पत्रकार समेत रहेका आयोजक समितिका कानूनी सल्लाहकार हरिप्रसाद भट्टराई, मिडिया संयोजक पत्रकार टंकराज अधिकारी सगै पदेन सदस्यहरुमा अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष ललित गुरुङ र महासचिव दिलिप गुरुङ रहेका थिए । यस अघि सो पुरस्कारबाट पत्रकारद्वय बासुदेव पौडेल र दीपक परियार, दोस्रोपटक रुपनारायण ढकाल र सन्तोष पोखरेललाई संयुक्त रुपमा र तेस्रोपटक रविचन्द्र पराजुली सम्मानित भइसकेको छन् ।



पोखरा १, लामपाटन मार्ग घर भएका पराजुली आमा दमयन्ती पराजुली र बुबा माधबप्रसाद पराजुलीका जेठा छोरा हुन् । २०६१ सालदेखि पोखरामा रहेर पत्रकारिता गदै आएका पराजुलीले सुरुमा आदर्श समाज राष्ट्रिय दैनिकमा विद्यार्थी पत्रकारको रुपमा पत्रकारीताको यात्रा सुरु गरेका थिए । त्यसपछि जनमत दैनिक, रेडियो वाराही हुँदै २०६६ देखि नयाँ पत्रिका राष्ट्रिय दैनिकमा आवद्ध रहदै पत्रकारीता क्षेत्रमा कृयाशिल छन् । पराजुलीले यस अघि नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयले प्रदान गर्ने खेलकुद पत्रकारिता प्रोत्साहन पुरस्कार २०८०, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीद्धारा उत्कृष्ट खेलकुद पत्रकारिता अवार्ड २०८० बाट पुरस्कृत एंव सम्मानीत भै सकेका छन् । विभिन्न संघ संस्थाहरुबाट विभिन्न तालिम समेत लिएका पराजुली नेपाल पत्रकार महासंघ कास्कीका साधारण सदस्य, संसदीय पत्रकार मञ्च गण्डकीका पूर्व सचिव समेत हुन् । यस वर्ष अन्नपूर्ण हिमाल आरोहणको ७५ औं अर्थात हिरक महोत्सव मनाइदैछ । सोही अवसरमा समितिले पदयात्राका लागि विश्वकै १० मध्येको एक अन्नपुर्ण पदमार्गमा २० जेठमा पाँचौ संस्करणको अन्नपुर्ण म्याराथन २०८२ आयोजना गदैछ । 'पर्यटनका लागि सबै मौसम' भन्ने मूल नाराका साथ अन्नपूर्ण आरोहण दिवस अर्थात् जुन थर्डको अवसर पारि समितिले विगत पाँच वर्षदेखि म्याराथन आयोजना गदै आएको हो ।

# गण्डकी प्रदेशका नौ अस्पताल स्तरोन्नति हुँदै

पोखरापत्र संवाददाता
पोखरा, १४ जेठ

गण्डकी प्रदेश सरकारले प्रदेशका नौ वटा अस्पताल स्तरोन्नति गर्ने निर्णय गरेको छ । सोमबारको प्रदेश मन्त्रिपरिषद् बैठकले ती अस्पतालको दरबन्दी र शयूया सङ्ख्या निर्धारण गरी स्वीकृत गरको हो ।

स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकका अनुसार प्रदेश सरकारले यसअघि दुई आयुर्वेद अस्पतालसहित चार अस्पताल स्तरोन्नति गरेको छ । स्तरोन्नति गरिएका १३ वटै अस्पतालको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) पनि स्वीकृत भइसकेको छ । तेह्रवटै अस्पतालमा करारमा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीको तलबभत्ता अस्पतालको आन्तरिक स्रोतबाटै भइरहकामा दरबन्दी थप गर्दा मन्त्रालयलाई अतिरिक्त आर्थिक भार पर्ने छैन । बागलुङस्थित धवलागिरि प्रादेशिक अस्पतालमा स्वीकृत शयूयाको सङ्ख्या एक सय पुगेको छ । यसअघि उक्त अस्पतालमा स्वीृकत शयूयाको सङ्ख्या ५० थियो । कास्कीस्थित मातृशिशु मितेरी र जनरल तथा सरुवा रोग अस्पतालको शयूया सङ्ख्या २५ बाट ५० पुर्‍याइएको छ ।

नवलपुरको मध्यविन्दु प्रादेशिक अस्पताललाई १५ बाट एक सय, प्रदेश अस्पताल मुस्ताङ र मनाङलाई १५ बाट २५, पर्वत, स्याङ्जा र तनहुँको दमौली अस्पताललाई १५ बाट ५० शयूयामा स्तरोन्नति गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । प्रदेश अस्पताल बुर्तिबाङमा ५० र प्रदेश अस्पताल आँपपिल गोरखामा १५ बाट २५ शयूया पुर्‍याइएको छ । बागलुङस्थित धवलागिरि आयुर्वेद अस्पताल, कास्कीस्थित गण्डकी आयुर्वेद अस्पतालमा २५ शयूयाको व्यवस्था हुनेछ । प्रदेश अस्पताल गोरखा, लमजुङ र म्याग्दी यसअघि नै ५० शयूयामा सञ्चालित छन् । प्रदेश सरकारले गोरखाको आँपपिपल र बागलुङको बुर्तिबाङ अस्पताल सञ्चालन गरिरहेको छ ।

यसै वर्ष कास्कीस्थित गण्डकी आयुर्वेद अस्पताल र बागलुङको धवलागिरि आयुर्वेद अस्पताललाई पनि अन्तरङ्ग सेवासहित २५ शयूयाको सुविधायुक्त आयुर्वेद अस्पतालका रुपमा स्तरवृद्धि गरिएको हो । हाल ती अस्पतालको वार्षिक आम्दानी रु ६६ करोड रहेको मन्त्री पाठकले बताउनुभयो । नयाँ व्यवस्था अनुसार हरेक अस्पतालले आफ्नो आम्दानीको १५ प्रतिशत रकम अस्पताल सुदृढीकरण कोषमा छुट्याउनुपर्ने छ । कोषको रकम प्रदेश अस्पताल र स्थानीय स्वास्थ्य संस्थाको सुदृढीकरणमा खर्च गर्न नयाँ व्यवस्था भएको हो ।


## कृषि क्षेत्र बिस्तारका निमित्त जग्गा ब्यबस्थापन कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीका लागि सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१५)**

**गण्डकी प्रदेश, लमजुङ जिल्ला बेसीशहर नगरपालिकामा बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।**

प्रस्तावकको नाम तथा ठेगाना : बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बेसीशहर, लमजुङ

| | घाटको नाम | प्रभावित वडाहरु | घाटको नाम | प्रभावित वडाहरु |
|---|---|---|---|---|
| प्रस्तावकको व्यहोराः बेसीशहर नगरपालिका भित्र भएर बग्ने मर्स्याङ्दी नदी, दोर्दी र मिदिम खोला बगर तथा भीर क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा, रोडा संकलन तथा उत्खनन् कार्य गर्ने | बेलौती विसौना खण्ड क (डिलबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | बेलौती विसौना खण्ड ख (ओमबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ |
| | बेलौती विसौना खण्ड ख (चन्द्रबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | बेलौती विसौना खण्ड ग (गोविन्द बस्नेतको जग्गा अगाडिको खण्ड) | ६ |
| | बेलौती विसौना खण्ड घ (टिकाराम राउतको जग्गा अगाडिको खण्ड) | ६ | थारचौर खण्ड | १० |
| | गैरी क्याम्पस मुनि खण्ड क | २ र ११ | गाइखुरे छहरा खण्ड क | २ र ११ |
| | गैरी क्याम्पस मुनि खण्ड ख | २ र ११ | गाइखुरे छहरा खण्ड ख | १ र ११ |
| | लेतेफाँट खण्ड | १० | गाइखुरे छहरा खण्ड ग | १ र ११ |
| | खासुर अक्कर खण्ड क | १० | बरबोट मुनिको खण्ड | ११ |
| | खासुर अक्कर खण्ड ख | १० | क्रसर उद्योग मुनिको खण्ड क | १ |
| | भोटेफाँट खण्ड | १० | क्रसर उद्योग मुनिको खण्ड ख | १ |
| | पुवाखोला दोभान खण्ड | ६ र ७ | आर्मि ब्यारेक पुछार खण्ड | १ |
| | सातबिसे खण्ड | ७ | बान्द्रे फाँट मुनिको खण्ड | ११ |
| | ओख्लेफाँट मुनीको खण्ड | ८ | रिष्टेबगर घाट | १ |
| | ल्याण्डफिल्ड खण्ड | ८ | गैरी बगर घाट | १ |
| | रानीकुवा टापु मुनिको खण्ड | ३ | दोर्दी र मिदिम खोला क्षेत्र | ११ |
| | आँपचौर खण्ड | १० | दोर्दी र मिदिम खोला क्षेत्र - ढुंगा समेत | ११ |
| | बोहोराबेसी मुनिको खण्ड | २ | नाल्मा मिदिम खोला क्षेत्र | ५ |
| | भकुण्डे थुम्कामुनीको खण्ड | २ | साप्ले भीर खण्ड क | ९ |
| | मुक्तिमिलन प्रा.वि. सडक माथि पट्टी | ९ | साप्ले भीर खण्ड ख | ९ |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा. | लमजुङ जिल्ला बेसीशहर नगरपालिका वडा नं. १,२,३, ५, ६, ७, ८, ९,१० र ११ | | | |

**उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न बेसीशहर नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।**

**राय सुझावका लागि पत्रचार गर्ने ठेगाना**

१. **श्री बेसीशहर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**फोन नं. ०६६-५२०१५०** ईमेलः besishaharmunicipality@gmail.com

२. **श्री ग्रिनविच इन्भाइरोमेन्टल एण्ड इन्जिनियरीङ कन्सल्ट प्रा. लि नयाँ बानेश्वर, काठमाडौं**
**फोन नं. ९८४१५३१५८२** ईमेलः geecnepal@gmail.com



## निक्षेप उपरको हकदाबी सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मितिः २०८२/०२/१५ गते**

श्री रनध्वज गुरुङ्गको नाति, श्री प्रेम बहादुर गुरुङ्गको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. १० स्थायी ठेगाना भई कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १० बस्ने ना.प्र.नं. ४४८६३-स्याङ्जा, (कास्की) भएको श्री पदम बहादुर गुरुङ्गको नाममा यस विकास बैंकको महेन्द्रपुल, पोखरा, कास्की शाखा कार्यालयमा बचत खाता नं. ००७०१९०००६०६९७००००१ रहेकोमा निजको मिति २०८२/०१/१५ मा मृत्यु भएको र निज मृतक पदम बहादुर गुरुङ्गको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भूक्तानीको माग गर्दै स्याङ्जा जिल्ला, भिरकोट न.पा., वडा नं. ९ बस्ने मृतक पदम बहादुर गुरुङ्गकी आमा नाता पर्ने श्रीमती लाल सुवा गुरुङ्गले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता नं. २०३६०८१६०३२४५-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र विकास बैंकमा आवश्यक सबूत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समय भित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदिका श्रीमती लाल सुवा गुरुङ्गलाई उल्लिखित व्यक्तिको खाताको रकम भुक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था